# भीमेश्वर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### चरिकोट दोलखा

३ नं. प्रदेश
नेपाल

# आन्तरिक आय सङ्कलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०७५/०५/०१**

भीमेश्वर नगरपालिकाको तपसिल अनुसारका क्षेत्र तथा सो क्षेत्र भै व्यक्तिगत जग्गाबाट उत्खनन् गरी व्यवसायीक प्रयोजनको लागि ओसार पसार गरिने ढुङ्गा गिटी ग्राभेल तथा वालुवा कर आ.व. २०७५/७६ मा प्राप्त हुने आन्तरीक आय संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम दर्ता भएका इच्छुक फर्म वा कम्पनीले यस कार्यालयबाट वोलपत्र फारम खरीद गरी आफूले लिन चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा लेखि आफै वा आफ्नो प्रतिनिधिद्वारा शिलबन्दी वोलपत्र दर्ता गराउनुपर्नेछ । शिलवन्दी दरभाउपत्र/बोलपत्र दाखिला गर्दा फर्म वा कम्पनीको अध्यावधिक नवीकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७३/७४ को कर चुक्ता प्रमाण पत्रको छाँयाकपि, र स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको छायाप्रति बोलपत्र फारामको साथ पेश गर्नुपर्नेछ । बोलपत्रदाताले आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चरिकोटमा रहेको धरौटी खाता १३००३००००००००३०००११ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको ७५ दिन म्याद भएको वोलपत्र जमानत सक्कलप्रति शिलवन्दी दरभाउपत्र फारम साथ राखी बोलपत्रदाताले सही छाप गरी शिलबन्दी दरभाउपत्र/बोलपत्र यस कार्यालयमा पेश गर्नु पर्नेछ । म्याद नाघी आएको, रित नपुगेको र यस कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र/बोलपत्र फारम माथि कुनै कारवाही गरिने छैन । दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । करको दररेट र ठेक्काको शर्तहरू बोलपत्र फाराम साथ उपलब्ध गराईने छ ।

| सि. नं | आन्तरिक आय ठेक्का नं. | ठेक्का क्षेत्र | परिमाण, आयतन | न्युनतम् ठेक्का रकम | वोलपत्र फारम दस्तुर | जमानत | दरभाउपत्र/वोलपत्र खरिद गर्ने मिति | दरभाउपत्र/वोलपत्र दर्ता गर्ने मिति | दरभाउ पत्र/वोलपत्र खोल्ने मिति | केफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४-२०७५/७६ | **ढुङ्गा, गिटी, ग्राभेल तथा बालुवा कर :** भीमेश्वर नगरपालिका वडा नं ५ मन्याङ्ग वगर क्षेत्र ( u/spoint.27.37.28.48n86.4,50.99ed/spoint,27.37.16.50n 86.448,50e) तामाकोशि पुलको २०० मिटर तल देखि ५५५ मिटर माथि सम्मको क्षेत्र | ११४०० घनमिटर | रु ३६,२५,२००/- मु.अ.कर बाहेक | ३,०००/ | १,००,०००। एकलाख ( वोलपत्र खोलिने मितिबाट १२० दिन सम्म म्याद भएको बैक जमानत) | सूचना प्रकाशन मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र | सूचना प्रकाशन मितिले ३१ औ दिन को १२ बजे भित्र | सूचना प्रकाशन मितिले ३१ औ दिन २ बजे | |

यस ठेक्का सम्बन्धमा बिस्तृत जानकारीका लागि भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय दोलखामा सम्पर्क राख्न सकिनेछ ।
सम्पर्क नं. ०४९-४२१४९१